कार्यविधि संख्या ४

# खप्तड छेडेदहगाउँपालिका

# माध्यमिक/आधारभूततह परीक्षा सञ्चालनकार्यविधि २०७४

कार्यपालिकाबाट स्वीकृत मिति : –२०७४।१२।१४

## खप्तड छेडेदहगाउँपालिका
## डोगडी, बाजुरा
### ७ नं प्रदेश, नेपाल

**<u>नेपालको संविधान २०७२ को अनुसूची ८,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (१४)ले दिएको अधिकार कार्यान्वयनगर्न</u>** यो**आधारभूततहपरीक्षा सञ्चालनकार्यविधि २०७४**जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

## संक्षिप्तनाम र परिभाषा

१.संक्षिप्तनाम र प्रारम्भ (१) योकार्यविधिको नाम"माध्यमिक/आधारभूततह परीक्षा सञ्चालनकार्यविधि२०७४" रहेकोछ ।

(२) यो कार्यविधिछेडेदहगाउँपालिकाक्षेत्रभरकाविद्यालयमालागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्तप्रारम्भ हुनेछ ।

२. परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) (ख)"कार्यपालिका"भन्नाले छेडेदहगाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष"भन्नाले परीक्षा संचालनकालागि खडा गरिएको संचितकोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका"भन्नाले छेडेदहगाउँपालिकाका सम्झनु पर्छ ।

(ज) "परीक्षा समिति"भन्नाले नियम ३४ बमोजिम गठन हुने परीक्षा संचालनतथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(ञ) "प्रधानाध्यापक"भन्नाले नियम ५० बमोजिमनियुक्तविद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(त) "स्थानीयशिक्षाअधिकृत"भन्नाले छेडेदहगाउँपालिकाको शिक्षाशाखाको प्रमुखवा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) "शिक्षाशाखा"भन्नाले छेडेदहगाउँपालिकामा रहेको शिक्षाशाखालाई सम्झनु पर्छ ।

(ल) "संस्थागतविद्यालय"भन्नाले निजीलगानीमा संचालनगर्ने गरी नियम ५ बमोजिमअनुमतीपाई स्थापितविद्यालयलाई सम्झनु पर्छ ।

# परिच्छेद १

## परीक्षा संचालनतथा समन्वय समिति

(१) छेडेदह गाउँपालिकाका विद्यालयहरुमा परीक्षा संचालनतथा समन्वयको लागि देहायको एक परीक्षा संचालनतथा समन्वय समिति रहनेछ ।

(क) स्थानीय शिक्षा अधिकृत / गाउँपालिका कार्यकारी अधिकृत -अध्यक्ष

(ख) गाउँपालिकामा रहेका उच्चतम / आधारभूत तहमा अध्यापन गराउने प्रधानाध्यापक मध्येवाट ३ जना -सदस्य

(ग) स्रोत व्यक्ति -सदस्य-सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) विभिन्न विषयका विषयगत समिति वनाई परीक्षा सञ्चालन गर्न सकिने छ ।

(४) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(५) कक्षा ५ र कक्षा ८ को परीक्षाका साथै विद्यालय स्तरका सम्पूर्ण परीक्षाहरु संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(६) कक्षा ५ र कक्षा ८ को परीक्षाको प्रमाणिकरण स्थानीय शिक्षा अधिकृत / कार्यकारी अधिकृतले गर्नेछ ।

(७) संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्नेः (१) नियम ३४ को ४ वमोजिम परीक्षागर्दा शिक्षा समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले स्थानीय संचितकोषमा जम्मा गर्नु पर्नेछ ।

(२)संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरु बाट लिएको शुल्क परिक्षा संचालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

(८) परीक्षा सञ्चालनको लागिआवश्यक पर्ने रकमछेडेदहगाउँपालिकाले व्यहोर्ने छ ।

(९) परीक्षा समितिको सचिवालय शिक्षा शाखामा रहने छ ।